## कोरोना भाइरस संक्रमण रोकथाम तथा उपचार कोष संचालन समितिको मिति २०७७।१।२४ को बैठकमा प्रस्तुत भई पारित भएको प्रतिवेदन

१) सिद्धार्थनगर नगरपालिका भारतीय सिमासँग जोडिएको कारण बेलहिया स्थित सिमा नाकामा नगरपालिकाको स्वास्थ्य हेल्थडेस्क स्थापना भइ माघ १६ गते देखी नै नियमित रुपमा चेकजाँचको व्यवस्था मिलाइएको ।

२) नगरपालिका भित्र दुईवटा क्वारेन्टाइन स्थापना गरिएको ।

(क) प्रतिमान निमा प्रतिष्ठानमा स्थापना गरिएको क्वारेन्टाइनमा मिति २०७६।१२।१८ देखी १५५ जना भारतीय नागरिकहरु बसी २०७७।१।१३ गते बेलहिया नाकाबाट भारत प्रस्थान गरेका । हाल थप नयाँ ४१ जना भारतीय नागरिकहरु बसिरहनु भएको ।

(ख) शिक्षा तालिम केन्द्रमा स्थापना भएको क्वारेन्टाइनमा हालसम्म सिद्धार्थनगर, मायादेवी लगायत रुपन्देही जिल्ला र अन्य विभिन्न जिल्लाका गरी कुल १२६ जना व्यक्तिहरु बसिसकेका । ती मध्ये निर्धारित दिन पुरा भइ कोरोना र्‍यापिड टेस्ट किड/PCR विधीबाट चेकजाँच गरी Negative भएका ७४ जनालाई घर पठाइको । हाल सो क्वारेन्टाइनमा ५२ जना व्यक्तिहरु रहेका छन् । ती सबै व्यक्तिहरुलाई मिति २०७७।१।१६ गते बिहानदेखि **मारवाडी सेवा संघ, भैरहवाबाट बिहान बेलुकी नि:शुल्क खाना** खुवाउँदै आउनु भएको छ । जसमध्ये २१ जना भारतीय नागरिक रहेका छन् तर PCR गरी Negative देखिएता पनि भारत पठाउन सकिएको छैन ।

दुवै क्वारेन्टाइनमा नेपाली सेनाबाट सुरक्षा प्रदान गरिएको छ । स्वास्थ्य जाँच नगरपालिकाको समन्वयमा भएको ।

३) नगरपालिकामा कोरोना भाइरस रोकथाम नियन्त्रण र उपचार कोषमा हालसम्म देहाय बमोजिम रकम जम्मा भएको/हुने क्रममा रहको । कोषको परिचालन **कोरोना भाइरस संक्रमण रोकथाम तथा उपचार कोष संचालन कार्यविधि, २०७७** बमोजिम गरिएको ।

| क्र.सं. | प्राप्त स्रोत | रकम | कैफियत |
|---|---|---|---|
| १ | विभिन्न सहयोगी व्यक्ति, संस्था निकायबाट प्राप्त | ४० लाख ५३ हजार | उक्त रकम मध्ये न.पा.को सहभागिता ११ लाख ५१ हजार रहको |
| २ | नगरपालिकाका कर्मचारी, सामुदायिक विद्यालयका शिक्षकहरुबाट प्राप्त | १२ लाख ४१ हजार ९६६ रुपैया | |
| ३ | प्रदेश सरकार, प्रदेश नं. ५ | २० लाख | निर्णय भएको तर अफसम्म खातामा आइनपुगेको । |
| ४ | कोषमा रकम अपुग भइ नगरपालिकाबाट बिभिन्न शीर्षकबाट रकमान्तर गरी कोषमा जम्मा गरेको थप रकम | ६० लाख | |
| | हालसम्मको कुल जम्मा | १ करोड ३२ लाख ९४ हजार ९६६ रुपैया | |

४) एकद्वार प्रणाली अन्तरगत सिद्धार्थ उद्योग वाणिज्य संघ, सिद्धार्थनगर, इटा व्यवसायी समिति, सिद्धार्थनगर, मारवाडी सेवा संघ, श्री राधा माधव समिति, हनुमान मन्दिर, हिमचुली बचत तथा ऋण सहकारी, सिद्धार्थ सामुदायिक सेवा समाज, रेडक्रस सोसाइटीबाट प्राप्त जिन्सी सामग्रीहरु सिधै



तुलसीराम मरासिनी
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

क्वारेन्टाइन/सम्बन्धित स्थानमा नै प्राप्त भइ सोही स्थानमा नै सम्पूर्ण सामग्री खपत/परिचालन भएको।

५) राहात वितरण

**(क) प्रथम चरण (२०७६ चैत्र १८ देखि २१ गते)**

दाल : १ किलो, नून : १ किलो, खानेतेल : १ लिटर र चामल : १–४ जना संख्या भएका परिवारका लागि ५ कि.लो., ५–९ जना संख्या भएका परिवारका लागि १० कि.लो., १०–१५ जना संख्या भएका परिवारका लागि १५ कि.लो., १५ जना भन्दा बढि संख्या भएका परिवारका लागि २० कि.लो. को मापदण्ड बमोजिम कुल १२६५० के.जी. चामल, १७४२ प्याकेट नून, १७४२ प्याकेट दाल र १७४२ लिटर खानेतेल वितरण भएको।

**(ख) दोस्रो चरण: (२०७७ वैशाख १६ देखि २० गते)**

दोश्रो चरणको राहत वितरणका लागि नेपाल सरकारले तय गरेको नमूना मापदण्डलाई आधार मानी नगरपालिकाले स्वीकृत गरेको **असङ्गठित क्षेत्रमा कार्यरत श्रमिक वर्ग तथा असहायहरुलाई उपलब्ध गराईने राहत वितरण सम्बन्धी कार्यविधि, २०७७** बमोजिम देहाय बमोजिम राहत वितरण गरिएको।

| १ जना सदस्य भएकोलाई | २ - ४ जना सदस्य भएकोलाई | ४ जना भन्दा माथि सदस्य भएकोलाई |
|---|---|---|
| (क) चामल १० किलो ग्राम | (क) चामल १५ किलो ग्राम | (क) चामल ३० किलो ग्राम |
| (ख) दाल २ किलो ग्राम | (ख) दाल ३ किलो ग्राम | (ख) दाल ४ किलो ग्राम |
| (ग) नून १ पाकेट | (ग) नून १ पाकेट | (ग) नून १ पाकेट |
| (घ) हात धुने साबुन १ वटा | (घ) हात धुने साबुन १ वटा | (घ) हात धुने साबुन २ वटा |

**राहत पाउनेको विवरण :**

कार्यविधि बमोजिम वडा कार्यालयहरुबाट विवरण संकलन भइ हाल कुल ४९३३ परिवार संख्या पहिचान भएको छ। सो मध्ये २८०९ जना नगरपालिका भित्र स्थायी ठेगाना भएका, २०३८ जना विभिन्न जिल्लामा स्थायी ठेगाना भइ सिद्धार्थनगर भित्र भाडामा बस्ने र ८६ जना भाडामा बस्ने भारतीय नागरिकहरु रहेका। ती परिवारलाई राहत वितरणका लागि कुल चामल ११ सय क्विन्टल, दाल १७० क्विन्टल, नून ४९३३ प्याकेट, ७४०० वटा हात धुने साबुन वितरण भएको। (यस सम्बन्धी वडागत विवरण विस्तृतमा संलग्न छ)

६) खर्च विवरण: क्वारेन्टाइन व्यवस्थापन, औषधी खरिद, राहात वितरणका लागि खर्च भएको हालसम्म भुक्तानी भएको/हुने क्रममा रहेको विवरण देहाय बमोजिम रहको छ।

| क्र.सं. | विवरण | इकाइ (के.जी./लि.) | दर | खर्च रकम | कैफियत |
|---|---|---|---|---|---|
| प्रथम चरण राहत वितरण | | | | | |
| १ | दाल (मुसुरो) | १८०० | १०८.०० | १९४४००.०० | |
| २ | चामल (सोना मंसुली ) | १३००० | ४२.१५ | ५४७९५०.०० | |
| ३ | खानेतेल (सोयाविन) | २००० | १२३.८९ | २८००००.०० | |
| ४ | नून | २००० | | | बिल दोश्रो चरणमा खरिद भएको बिलसँगै आएको। |
| दोश्रो चरण राहत वितरण | | | | | |
| ५ | दाल (चना) | १७०३४ | १०४.०० | १७७१५३६.०० | बिल प्राप्त भएको। भु. बाँकी |



तुलसीराम मरासिनी
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

| | | | | | |
|---|---|---|---|---|---|
| ६ | चामल (सोना मंसुली रिफाइन सिल्की) | ११०० | ४६.०० | ५०५३३३०.०० | बिल प्राप्त भएको । भु. बाँकी |
| ७ | नून | ४९३३ | [illegible]८.५० | १२८५७५.०० | पहिलो चरण र दोश्रो चरणमा वितरण भएको बिल एकमुष्ठ प्राप्त । |
| ८ | साबुन | ७४१६ | २७.०० | २००२३१.५३ | बिल प्राप्त भइसकेको । |
| अन्य विभिन्न भुक्तानी | | | | | |
| ९ | प्रतिमान निमा प्रतिष्ठान खानाको भुक्तानी (हरि ओम मिष्ठान्न भण्डार) | | ९८ (न.पा. ७३, मायादेवी २५) | ३७२३१४.०० | मायादेवी च्यारिटेवलसँगको सहकार्यमा । सबै भुक्तानी भइसकेको । |
| १० | शिक्षा तालिम केन्द्र खाना, खाजको को भुक्तानी (कान्तिपुर भान्सा एण्ड रेष्टुरेन्ट) | | खाना १५० र खाजा ३० | ४१३१६०.०० | |
| ११ | गौरी जनरल अर्डर (सफाइ सामग्री (बिल्चिङ्ग पाउडर) खरिद | | | १२८९६२.९५ | क्वारेन्टाइनका लागि आवश्यक |
| १२ | प्रकाश बस्त्रालय (क्वा. आवश्यक तन्ना) | | | ५७५०.०० | क्वारेन्टाइनका लागि आवश्यक |
| १३ | आरुषी वेभरेज इन्डष्टिज ( मिनरल वाटर) | | | ३९५०.०० | क्वारेन्टाइनका लागि आवश्यक |
| १४ | आर.वी. जनरल सप्लायर्स | | | ६९८४.१० | क्वारेन्टाइनका लागि आवश्यक |
| १५ | शिव जनरल (विविध सामान) | | | ८५९३२.०० | क्वारेन्टाइनका लागि आवश्यक |
| १६ | कालिका टेड स्टोर्स (विविध सामग्री) | | | ३६७९८.०० | क्वारेन्टाइनका लागि आवश्यक |
| १७ | न्यू शिव टेड सप्लायर्स ( क्वारेन्टाइन भवन शौचालय | | | ३७५००.०० | क्वारेन्टाइनका लागि आवश्यक |
| | हालसम्म कुल | | | ९२,६७,३७३.५८ | |

नोटः क्वारेन्टाइनको खानाको थप भुक्तानी, औषधी लगायत अन्य विविध भुक्तानी बाँकी नै रहेको ।

७) सम्पादन भएका अन्य कार्यहरु:

- नगर क्षेत्रका मुख्य बस्तीमा एकपटक क्लोरिन र ब्लिचिङ्ग पाउडर मिसाइ Disinfection औषधी छरिएको ।
- कृषकहरुलाई खेति स्याहार्ने कार्यका लागि मेशिनहरु प्रयोग गर्न सहज अनुमतिको व्यवस्था मिलाइएको
- जनउत्थान सहकारी संस्थाको नेतृत्वमा नगरपालिका समेतको सहयोगमा तरकारी एम्वुलेन्स चलाइएको ।

८) कोरोना भाइरसबाट सिर्जित विपद् व्यवस्थापनका लागि संघीय सरकार, प्रदेश सरकार, जिल्ला प्रशासन कार्यालय, नेपाल प्रहरी, सशस्त्र प्रहरी, नेपाली सेना र राजनीतिक दलहरु, सिद्धार्थ उद्योग वाणिज्य संघ, रुपन्देही उद्योग व्यापार संगठन, बैंकर्स एशोसियसन, रेडक्रस, स्थानीय समाजसेवी, एम्बुलेन्स चालक, संचारकर्मीहरु लगायत विभिन्न संघ संस्था र नगरवासीहरुवाट निरन्तर मार्गदर्शन, सहयोग प्राप्त हुँदै आएको छ ।

९) समस्या तथा चुनौतिहरु

तुलसीराम मरासिनी
प्रमुख प्रशासकीय अधिकृत



Scanned with CamScanner

- **सुरक्षा चुनौतिः** लुकिछिपी भारतीय नाकाबाट मानिसहरु आइरहेकोले पूर्ण रुपमा न्यूनिकरण गर्न नसकिएको ।
- **खर्च व्यवस्थापन** : क्वारेन्टाइनमा दिनहुँ भारतीय लगायत अन्य व्यक्तिहरु थप भइरहेको । खाना लगायत अन्य व्यवस्थापनका लागि दैनिक रुपमा खर्च बढ्दो क्रममा रहको, राहतका लागि ठूलो धनराशी खर्च हुने देखिएको तर कोषमा संघीय सरकार तथा प्रदेश सरकारबाट कुनै थप रकम प्राप्त नभएको । कोषमा दाताहरुबाट प्राप्त हुने रकम पनि घट्दो क्रममा रहेको ।
- दुई पटकसम्म राहात वितरण गरिसकिएको । लकडाउन अझै बढ्ने संकेत देखिएको अवस्थामा अबको राहात वितरण गर्नुपर्ने अवस्था सिर्जना भएमा संख्या अधिक बढ्ने हुँदा कसरी पहिचान गर्ने ? राहातको मोडालिटी कस्तो बनाउने भन्ने चुनौति देखिएको ।
- हाल भारतको नौतनवामा करिब २५० नेपाली रहेको जानकारी प्राप्त भएको र सिद्धार्थनगर भित्र ६७ भारतीय रहेकोमा आ आफ्नो देश लैजाने/ल्याउने कार्य गर्न नसकिएको ।
- प्रादेशिक प्रयोगशालामा कोरोना जाँचका लागि PCR किड प्रयाप्त नभएको ।
- पर्याप्त मात्रामा स्वास्थ्य सामग्रीहरुको उपलब्धता अझै पनि सहज नभएको ।
- जिल्ला भित्रै कोरोना संक्रमित देखिंदा कोरोनाको जोखिम उच्च रहेको ।
- कृषीको लागि विउ विजन पर्याप्त मात्रामा उपलब्ध हुन नसकेको ।
- स्वास्थ्य सुरक्षाका उपायहरु अबलम्बन गरी स्थानीय श्रमिकबाट उद्योग धन्दाहरुमा काम गर्न नसकिएको ।

अन्तमा, उल्लेखित समस्या र चुनौतिहरु रहेता पनि नगरपालिकाले कोरोना भाइरसबाट उत्पन्न विपद्लाई उचित व्यवस्थापन गर्न सबै सरकारी निकायहरु, राजनीतिक दलहरु, सरकारी एवं गैरसरकारी संस्था, विद्वत वर्ग, संचारकर्मी, नगरबासी एवं सरोकारवालाहरुबाट प्राप्त आर्थिक, भौतिक, नैतिक सहयोग प्रति उच्च सम्मान गर्दै आगामी दिनमा पनि निरन्तर सहयोग प्राप्त हुने अपेक्षा लिएको छ ।

मितिः २०७७।१।२४

धन्यवाद !

तुलसीराम मरासिनी
प्रमुख प्रशासकीय अधिकृत



Scanned with CamScanner